पोखरा उपत्यका साइडसिन घुम्न जाउँ

घुमाउने ठाउँहरू

बेगनास–रुपा ताल, पचभैया बन्यजन्तु पार्क (चिडिया घर), पुम्दीकोट, स्तुपा, डेभिडफल, भ्यूटावर, चमेरे गुफा, विन्दवासिनी मन्दिर, माउन्टेन म्यूजियम लगायतका ठाउँहरु साथै मुक्तिनाथ जान आउनको लागि बसको सुबिधा।

गाडी छुट्ने समय
बिहान ९:३० बजे



सम्पर्क: मानसरोबर टुर्स एण्ड ट्राभल्स
061-544439, 589012, 9856051659
9856034631, 9856082622



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २६ ❑ अङ्क ४६ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ फागुन १६ गते शुक्रबार ❑ 28 Feb. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## साहित्य परिवर्तनको सम्वाहक हो: सञ्चारमन्त्री गुरूङ

**पोखरापत्र संवाददाता**
पोखरा, १५ फागुन

सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरूङले साहित्य परिवर्तनको सम्वाहक रहेको बताउनुभएको छ । 'बुकवर्म फाउण्डेशन'को आयोजनामा बिहीबारदेखि पोखरामा सुरू भएको १२औँ नेपाल साहित्य महोत्सवको उद्घाटन गर्दै उहाँले साहित्य अभिव्यक्तिको सशक्त माध्यम भएको बताउनुभयो ।




भूपि शेरचनको कृति 'घुम्ने मेचमाथि अन्धो मान्छे' पढेर आफू क्रान्ति र परिवर्तनप्रति आकर्षित भएको सञ्चारमन्त्री गुरूङले बताउनुभयो । उहाँले बुकवर्मले आयोजना गर्दै आएको साहित्य महोत्सव बहुआयमिक कार्यक्रम रहेको बताउनुभयो । "यहाँ समाज, संस्कृति, अर्थतन्त्र, राजनीतिलगायतका विषयमा विचार-विमर्श हुन्छ, यसबाट सामाजिक रूपान्तरणमा योगदान पुग्छ", सञ्चारमन्त्री गुरूङले भन्नुभयो, "यो अन्यभन्दा नितान्त नौलो र सिर्जनशील कार्यक्रम हो ।" उहाँले नयाँ पुस्तालाई अनुसन्धान र सिर्जनशीलतातर्फ आकर्षित गर्नुपर्ने बताउनुभयो । सञ्चारमन्त्री गुरूङले पुस्तक पढ्ने संस्कृतिलाई बढाउनुपर्ने बताउनुभयो। पोखरामा पर्यटकीय गतिविधि बढाउन यस्ता मेला-महोत्सवबाट सघाउ पुग्ने उहाँको भनाइ थियो । फेवाताल किनारको बाराहीघाट मैदानमा चार दिनसम्म चल्ने उक्त साहित्य महोत्सवको उद्घाटनसत्रमा प्राध्यापक तथा अर्थशास्त्री महेन्द्र पी लामाले प्रवचन दिनुभएको थियो । महोत्सवमा नेपाल तथा अन्य मुलुकका गरी दुई सयभन्दा बढी साहित्यकार, राजनीतिज्ञ, लेखक, कलाकार, पत्रकारलगायतको उपस्थिति रहनेछ । पचासभन्दा बढी छलफल सत्र, अन्तरक्रियात्मक कार्यक्रम, साङ्गीतिक प्रस्तुति र अन्य रचनात्मक कार्यक्रम पनि यसमा समावेश छन् । महोत्सवमा साहित्यसँग जोडिएका सामाजिक, राजनीतिक, आर्थिक, नवीन प्रविधि, चलचित्रलगायत क्षेत्रका विषयमाथि गम्भीर मन्थन हुने बताइएको छ ।

## 'पुँजीवादी अर्थव्यवस्थाबाट मात्रै समृद्धि सम्भव'

**पोखरापत्र संवाददाता**
पोखरा, १५ फागुन

नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापाले पुँजीवादी अर्थव्यवस्थाबाट नै मुलुक समृद्ध हुने धारणा व्यक्त गर्नुभएको छ।

नेपाल लोकतान्त्रिक उद्योग वाणिज्य सङ्घ गण्डकी प्रदेशको तेस्रो स्थापना दिवस तथा अन्तरक्रियामा आज पोखरामा उद्घाटन गर्दै महामन्त्री थापाले देश र नागरिक समृद्धि भएमात्र विकास निर्माणले दूर्त गति लिने विश्वास व्यक्त गर्नुभयो।

"नेपाली कांग्रेस देशको अर्थतन्त्रलाई बलियो बनाउन चाहन्छ", थापाले भन्नुभयो, "सरकारले निजी क्षेत्रलाई सँगसँगै लिएर अगाडि बढ्न सक्यो भने मात्र देशको अर्थतन्त्रमा सुधार ल्याउन सकिन्छ ।" अर्थतन्त्र बलियो नभएसम्म सरकारले कुनै पनि विकास निर्माणका कार्यलाई गति दिन नसक्ने भनाइ उहाँको छ। उहाँले लामो समयदेखि कानुन बन्न नसक्दा सरकारले अध्यादेश ल्याएको उल्लेख गर्नुभयो । नेपाली कांग्रेसले आफूले गरेका कामको बारेमा जनतामा प्रचार गर्न नसक्दा पछि परेको बताउँदै उहाँले विपीको पालादेखि नै विर्ता उन्मूलनका काम र हरेक नागरिक समृद्ध हुनुपर्छ भन्ने नीति ल्याइएको उल्लेख गर्नुभयो । नेपाल प्राकृतिक रुपमा अत्यन्तै धनी भएकाले पर्यटनसम्बन्धी स्पष्ट नीति जरुरी भएको उहाँको भनाइ थियो।




नेपाली कांग्रेस गण्डकी प्रदेशका सभापति शुक्रराज शर्माले स्वतन्त्र रुपमा उद्योग व्यवसाय सञ्चालनको वातावरण बनाउन आवश्यक रहेको बताउनुभयो।

राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष डा विश्व पौडेलले मौद्रिक तथा वित्तीय नीति सन्दर्भ, अर्थविद् तथा व्यवसायी अरुणकुमार सुवेदीले पूर्वाधारः शिक्षा, स्वास्थ्य पर्यटन सन्दर्भ र नेपाल उद्योग वाणिज्य महासङ्घका पूर्वअध्यक्ष आनन्दराज मुल्मीले निजीक्षेत्र सन्दर्भका विषयमा आधारपत्र प्रस्तुत गर्नुभएको थियो।

## राजनीतिक नेतृत्व र कर्मचारीकै कारण प्रदेशमाथि प्रश्न उठ्यो: मुख्यमन्त्री पाण्डे

**पोखरापत्र संवाददाता**
पोखरा, १५ फागुन

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले प्रदेश सरकारप्रति प्रश्न उठ्नुको कारण परम्परागत केन्द्रीकृत शासन सत्ता रहेको दाबी गरेका छन् ।

पोखरामा जारी 'एनसेल फाउन्डेसन नेपाल लिटरेचर फेस्टिभल'को 'प्रदेशको पाइला' सत्रमा पत्रकार भरत कोइरालासँगको संवादमा मुख्यमन्त्री पाण्डेले केन्द्रीकृत शासन सत्ताको परम्पराबाट बाहिर निस्कन नसकिएको बताए । राजनीतिक नेतृत्व र कर्मचारी तन्त्रमा अधिकार हस्तान्तरण गर्न नचाहने समस्या देखिएको मुख्यमन्त्री पाण्डेको भनाइ थियो । 'केन्द्रीकृत शासन सत्ता राजनीतिक नेतृत्व र कर्मचारीतन्त्रमा देखिन्छ । मैले उपयोग गरिरहेको अधिकार अरूलाई हस्तान्तरण गर्न नचाहने मानसिकता हुने रहेछ,' उनले भने, 'त्यसले नै हामीलाई काम गरेको छ । त्यो पावर तल दिन खोजेका छैनन् ।




त्यसकारण जनताले उठाएको प्रश्न सम्बोधन गर्न सकेका छैनौं ।'

जनताको अपेक्षा राजनीतिज्ञले बढाएको तर त्यसअनुसार कानुन निर्माण नहुँदा जनताको अपेक्षाअनुसार हुन नसकेको मुख्यमन्त्री पाण्डेले बताए । अहिले पनि सेवा लिन काठमाडौं जानुपर्दा संघ र स्थानीय सरकारबीचमा अर्को सरकार आवश्यक नरहेको प्रश्न उठ्नु स्वाभाविक भएको उनको भनाइ थियो । 'अहिले पनि कम्पनी दर्ता, राष्ट्र बैंक, मन्त्रालयअन्तर्गत, जग्गा प्राप्तिका कुरा संघ सरकार मातहत छ । हाम्रो समस्या के हो हामीले जनतालाई भनेका छैनौं,' मुख्यमन्त्री पाण्डेले थपे, 'उहाँहरू जुन आशाका साथ आउनुहुन्छ त्योअनुसार गर्न सक्ने कानुनी धरातल छैन। हामीबाटै होस् भन्ने अपेक्षा। हिजो काठमाडौं जानुपर्थ्यो । आज पनि जानपर्छ भने बीचमा प्रदेश सरकार किन चाहियो भन्ने छ। त्यो स्वाभाविक हो ।' प्रदेश सरकारलाई स्थापित गर्न संघ सरकारको अग्रसरता र प्रधानमन्त्रीको इच्छाशक्ति चाहिने मुख्यमन्त्री पाण्डेले बताए। वित्तीय संघीयताअनुसार दिइने अनुदानका कारण पनि जनताको चाहना पूरा हुन नसकेको उनको भनाइ थियो । संघले ७० प्रतिशत राजस्व राख्ने, बाँकी १५-१५ प्रतिशत प्रदेश र स्थानीय सरकारलाई दिँदा जनताको अपेक्षा पूरा गर्ने अवस्था नरहेको मुख्यमन्त्री पाण्डेले बताए।

सत्ता साझेदार दलसँग मिलेर आगामी वर्षको बजेटमा परम्परागत मोडललाई सच्याउने उनले दाबी गरे। परम्परागत मोडल र लोकरिझ्याइँलाई छोडेर 'बोल्ड डिसिजन' गर्ने उनले सुनाए। 'हङ्ग पार्लियामेन्टमा कम्प्रमाइज गर्नुपर्ने हुने रहेछ । अहिले दुई दलको साझा समझदारी बनाउन सक्यौं भने बोल्ड भएर काम गर्न सकिन्छ,' मुख्यमन्त्री पाण्डेले थपे, 'लोकरिझ्याइँ मात्र भन्दा पनि जनताले महशुस गर्न सक्ने, प्रदेश सरकार छ भन्ने महशुस गर्न सक्ने गरेर दुई दलले समझदारी गर्छौं ।'

मुख्यमन्त्री पाण्डेले संघ सरकारले नबनाइदिएका कानुन अब प्रदेश सरकारले नै बनाउने तयारी गरिरहेको सुनाए । संघले कानुन नबनाइदिँदा प्रदेश सरकारप्रति प्रश्न उठिरहेको र अब आफैं कानुन बनाउन लागेको बताए । 'कुन कानुन आवश्यक छ, संघले कानुन बनाएको छैन भने आफ्नो कानुन आफैं बनाऊँ भन्ने भयो,' उनले भने, 'कानुन बाझियो भने हाम्रो कानुन खारेज हुन्छ। त्यसपछि परिमार्जन गर्दै जाऔँ, अहिले हाम्रो अधिकार प्रयोग गरेर जाऔँ, आर्थिक रुपमा सम्पन्न हुन सक्ने क्षेत्र र कानुन बनाउने भनेर लागेका छौं ।'

प्रदेश सरकारको आन्तरिक आम्दानी वृद्धि गर्न निजी क्षेत्रलाई लगानीको वातावरण बनाउनेसहित पाँच वटा विकल्प पहिचान गरिएको उनले सुनाए। निजी क्षेत्रमैत्री कानुन, जमिनलाई उत्पादनसँग जोड्ने क्षेत्रको खोजी गरिरहेको, पर्यटकीय राजधानी ब्राण्डिङ गर्ने विषय पहिचान भइरहेको, औद्योगिक ग्राम स्थापनालाई जग्गा प्राप्ति गर्ने क्रममै रहेको, खेतीलाई व्यावसायिक बनाउने प्रयास प्रदेश सरकारले गरिरहेको मुख्यमन्त्री पाण्डेले सुनाए। 'निजी क्षेत्रलाई जति लगानी गर्ने वातावरण बनाउँछौं त्यति नै राजस्व बढाउन सक्छौं। अन्तर्राष्ट्रिय क्षेत्रबाट पनि लगानी हुनसक्छ । लगानीका लागि आवश्यक कानुन कुनकुन हुन् पहिचान गर्ने, प्रदेशको कानुन बाधक भए त्यो संशोधन गर्ने सोचाइ छ,' उनले भने । जुन सरकारको अधिकार हो त्यसैअनुसार कानुन बनाउने गरी कार्यविस्तृतीकरण प्रतिवेदनमा छलफल भइरहेको मुख्यमन्त्री पाण्डेले जानकारी दिए। जनताले आफ्ना आवाज सुनाउने ठाउँको रूपमा प्रदेश सरकार रहेको र यो आवश्यक नै रहेको मुख्यमन्त्री पाण्डेले दाबी गरे।

स्थापनाको सुरूआतका वर्ष भएकाले केही विषयमा समस्या भइरहेको तर भौतिक निर्माणको क्षेत्रमा जनताले अनुभव गर्ने गरी काम गरेको उनले दाबी गरे। 'जनताको पहुँच सहज रूपले पुगेको छ । बजेट बनाउनेबेला वडादेखि जिल्लासम्मको साथीहरु आवश्यकता लिएर, सहयोग गर्नपऱ्यो, यो निर्माण सम्पन्न गरिदिनुपऱ्यो भनेर आउनुभएको छ,' उनले भने, 'आवश्यकता सजिलै सुनाएजस्तो संघको विभागीय मन्त्रीलाई सुनाउन पाउनुहुन्छ जस्तो लाग्दैन। कति गर्न सकियो सकिएन भन्ने दोस्रो कुरा हो । आवाज भने सुन्ने वातावरण बनेको छ।'

## नेपाल मगर एकता दिवस पोखरामा मनाइयो

**पोखरापत्र संवाददाता**
पोखरा, १५ फागुन

४३ औं नेपाल मगर एकता दिवसको अवसरमा पोखरामा पनि विविध कार्यक्रमको आयोजना गरी मनाइएकोछ।

नेपाल मगरसंघ कास्की जिल्लाको आयोजनामा विहीबार पोखरा रंगशालामा भएको कार्यक्रमको उद्घाटन प्रमुख अतिथि गण्डकी प्रदेशका उप-सभामुख विना कुमारी थापा मगरले गरेकी थिइन । कार्यक्रममा बोल्दै उनले आफ्नो अधिकार सुनिश्चितका लागि मगर तथा आदिवासि जनाजातिहरुले ध्यान दिनुपर्नेमा जोड दिइन । उनले आफ्नो भाषा सस्कार संस्कृति रितिरिवाज संरक्षण गर्नुपर्नेमा समेत ध्यान दिनुपर्नेमा जोड दिइन। गण्डकी प्रदेशमा गुरुङ र मगर भाषालाई सरकारी कामकाज गर्न सकेको अवस्थामा यसले पनि भाषा संरक्षणमा टेवा मिल्नुका साथै फाइदा हुने उनको विश्वास रहकोछ। गण्डकी प्रदेश सरकारले पनि मगर र गुरुङभाषालाई सरकारी कामकाजको रुपमा ल्याउनका लागि विभिन्न सम्बन्धीत निकायहरुसँग छलफल गरी विद्येयकको रुपमा ल्याउनका लागि अन्तिम तयारी अवस्थामा रहेको उनले जानकारी दिइन । विशेष अतिथि पूर्व मन्त्री उत्तम पुन मगरले अनावश्यक विचार राख्ने व्यक्तिहरुले मगरहरुलाई फुटाउन खोजेको बताउदै उनले सवै मगरहरुलाई सचेत हुनुका साथै सवै मगरहरुलाई एक हुनका लागि आग्रह गरे। कार्यक्रममा मगरसंघका सल्लाहकार बालकृष्ण काउछा मगर नेपाल आदिवासी जनजाति समन्वय समिति गण्डकी प्रदेशका अध्यक्ष धर्म बहादुर गुरुङ, महा-सचिव सुजन कुमार लामा, नेपाल मगरसंघ कास्कीका पूर्व अध्यक्ष संगिता पुन मगर लगायतले प्रथम सहिद क्याप्टेन लखन थापा मगर आदिवासी जनजाति भएकै कारण उनको स्मृति दिवस मनाउनका लागि राज्यले आनाकानी गरिएको औल्याउदै उनले स्मृति दिवस राज्यले नै मनाउनुपर्ने बारे बोलेका थिए । उक्त कार्यक्रमको अवसरमा मगर सामुदायमा आधारीत विविध मौलिक सांस्कृतिक कार्यक्रम प्रस्तुत गरिएको थियो।




कार्यवहाक अध्यक्ष अनेरी सुव्दार मेजर चन्द्र बहादुर पुन मगरको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत मन्तव्य कोषाध्यक्ष क्याप्टेन भक्त बहादुर पुन मगर र सह-सचिवद्वय शिव थापा मगर र भिम कुमारी पुन मगरले कार्यक्रम सञ्चालन गरिएको थियो। कार्यक्रम हुनु अघि पोखराको चिप्लेढुंगा स्थित मानव अधिकार चोकदेखि निकालिएको ऱ्याली महेन्द्रपुल, नयाँबजार, लखनचोक हुँदै कार्यक्रम स्थलमा पुगेको थियो।


## रक्तदान गरौं

◆ हाम्रो थोरै रगतले पनि अरुको ज्यान जोगिन सक्छ,
◆ हरेक स्वस्थ व्यक्तिले तीन-तीन महिनामा रक्तदान गर्न मिल्छ,
◆ १८ वर्षदेखि ६५ वर्षको उमेरसम्म रक्तदान गर्न सकिन्छ,
◆ रगतको अन्य विकल्प नभएकोले रक्तदान नै एकमात्र उपाय हो,
◆ रक्तदानमा कुनै धर्म र जात हुँदैन,
◆ रक्तदान महादान र जीवन दान हो ।

*आफूले पनि रक्तदान गरौं, अरुलाई पनि रक्तदान गर्न प्रेरित गरौं ।*

नेपाल सरकार
विज्ञापन बोर्ड



सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१–५७०६५१

# विकास वजेट माग्दै सिंहदरवारमा

**पोखरापत्र संवाददाता**
पोखरा, १५ फागुन

चालु आर्थिक वर्ष सकिन चार महिना मात्रै बाँकी रहँदा, पोखरा महानगरपालिका वडा नं. १९ को एक टोली विकासका योजनामा वजेट माग गर्दै सिंहदरवार पुगेको छ।

निर्वाचनका बेला स्थानिय तहका जनतासँग गरेका विकास सनर्माणका बाचा पुरा नहरने देखिएपछि, समानीकरण अनुदान रकम विनियोजनका लागि विभागिय मन्त्री र सांसदलाई झकझक्याउन टोली योजना बोकेरै सिंहदरवार पुगेको हो ।टोली भौतिक पुर्वाधार मन्त्रालय, खानेपानी मन्त्रालय सहित विभिन्न निकायमा पुगेको टोलीमा सहभागी वडा नं. १९ का वडा सदस्य विकास कुमार आचार्यले जानकारी दिनुभयो ।एमाले नेता एवं पुर्व वडाध्यक्ष शोभामोहन पौडेलको नेतृत्वमा गएको टोलीले भौतिक पुर्वाधार मन्त्री देवेन्द्र दाहाललाई मन्त्रालयमा भेटेर योजना पेश गरेको छ । टोलीले सडक, पुल, खानेपानी निर्माणका योजनालाई प्राथमिकतामा राखेर योजना पेश



गर्दै आवश्यक वजेट विनियोजन गरिदिन मन्त्री दाहाल समक्ष आग्रह गरेको छ।

त्यस्तै टोलीले खानेपानी मन्त्री प्रदीप यादवसँग पनि भेट गर्र्यो । भेटका क्रममा पोखरामा वितरण हुने खानेपानी शुद्धीकरणका लागि पुरुञ्चौरमा फिल्टरेशन ट्याकीं निर्माण र त्यहाँसम्म पुग्ने सडक निर्माणमा सहयोग गर्न मन्त्री यादवको ध्यानाकर्षण गराएको छ ।भेटका क्रममा मन्त्री दाहाल र यादवले पुल र सडक निर्माणलाई पहिलो प्राथामिकता दिने र अन्य योजनालाई क्रमिक रुपमा अगाडी बढाउने आश्वासन दिएको वडा सदस्य आचार्यले बताउनुभयो । टोलीले विभिन्न विभागका प्रमुखहरुसँग पनि भेटवार्ता गरी जनताका प्रत्यक्ष सरोकारका विषयलाई उच्च प्राथामिकता दिन आग्रह गर्यो । सोही क्रममा टोलीले एमाले नेता पदम गिरी र प्रमुख सचेतक महेश बर्तौला सहित खानेपानी संस्थानका महाप्रवन्धक त्रिदेव श्रेष्ठ, प्रधानमन्त्रीका स्वकिय सचिव विनोद कुँवरसँग पनि छलफल गरेको थियो । टोलीमा नेता पौडेल सहित इमानराज पौडेल, कृष्ण प्रसाद गौतम, वडा सदस्य आचार्य र पुर्व महालेखा परिक्षक महेश्वर काफ्ले सहभागी थिए । भेटपछि नेता पौडेलले आफुहरुले पेश गरेको योजनामा मन्त्रीवाट सकारात्मक जवाफ पाएकाले, केही योजना तत्काल शुरु हुने विश्वास व्यक्त गर्नुभयो ।टोलीले माछापुच्छे सडक निर्माण र स्तरोन्नती, पोखरा १९ र २५ जोड्ने सेती नदीमाथि पक्की पुल,अमलाविसौंनी घार्मी आलेवारी काउरे ग्रामिण सडक, लाम्पाटा सडक, तल्लाकोट छपाली थोक सडक निर्माण, घार्मीस्थित मणिमा पर्यटकीय पार्क निर्माण लगायतका जनताका प्रत्यक्ष सरोकारका विकास निर्माणमा वजेट विनियोजन गर्न माग गरेको छ।

वजेट अभावका कारण अमलाविसौंनी घार्मी सडक खण्डको केही भाग पहिरोका कारण जोखिममा परेको छ।दैनिक सयौं सवारी आवतजावत गर्ने उक्त सडक चार वर्षदेखि जोखिममा परेको हो ।पोखरा माछापुच्छे सडकको वैकल्पिक सडकका रुपमा रहेको सो सडकमा जोखिम मोलेरै सवारी साधन आवतजावत भईरहेका छन् । पोखरा १९ मा साना टुक्रे योजना निर्माणले गति लिए पनि ठुला विकासे योजना भने ठप्प रहेका छन्।

# एकदिवसीय क्रिकेट: पर्वत १० विकेटले पराजित

**पोखरापत्र संवाददाता**
पोखरा, १५ फागुन

कास्कीले समूह बी अन्तर्गतको पहिलो खेलमा पर्वतलाई १० विकेटले पराजित गरेको छ।

बिहीबार पोखरा रंगशाला क्रिकेट मैदानमा भएको प्रतिस्पर्धामा टस जित्दै व्याटिङ गर्दै पर्वतले २५.२ ओभरमा सवै विकेट गुमाउँदै केवल ७१ रन मात्रै बनायो । प्रधानमन्त्री कप एकदिवसीय क्रिकेट प्रतियोगिता अन्तर्गत गण्डकी प्रदेशस्तरीय प्रतिस्पर्धामा पर्वत पुरा ओभर टिक्न सकेन् । ओपनर सन्देश खड्का र सुशान चापागाँईले शुरुवात राम्रो गर्न सकेनन्।

खड्का केवल ९ रनमा आउट भए। उनी विपिन खत्रीको बलमा अभिषेक थापाबाट क्याच भए। चापागाँईपनि व्यक्तिगत १४ रनमा एलबीडब्लुको धरापमा परे । उनी सुवास भण्डारीको बलमा आउट भएपछि पर्वतको ओपनिङ जोडी सस्तैमा आउट भयो। सरोजबहादुर कार्की पनि ७




रनमै पभेलियन फर्किए। अनुभवी अमृत गुरुङ पनि २ रनमै आउट भएपछि पर्वतले सामान्य योगफल मै समेटिन पुग्यो। कास्कीका बलर नितेश गिरीले ४ विकेट लिए।

सुवास भण्डारीले ५ ओभरको स्पेलमा १ मेडन राख्दै ३ विकेट लिन १२ रन खर्चिए । कृष्ण पौडेलले ८ ओभरमा ४ मेडन राख्दै १७ रन दिएर २ विकेट आफ्नो नाममा लेखाए । ७२ रनको सामान्य लक्ष्य पछ्याएको कास्कीले विना विकेटको क्षतिमा केवल ९.५ ओभरमा पुरा गर्यो। ओपनर मुस्कान थापा र कृष्ण पौडेलले जित निकाले। पौडेलले अर्धशतक पुरा गरे भने थापाले २१ रनमा अविजित रहे।

पौडेलले ३८ बल खेल्दै ६ चौका र ३ छक्का प्रहार गरे । थापाले पनि २१ बल खेल्ने क्रममा ३ चौका प्रहार गरेका थिए । खेलमा नितेश गिरी प्लेयर अफ दि म्याच घोषित भए।

# वीपी स्मृति पुस्तकालय गण्डकी प्रदेशको पाँचौं पठन संस्कृति सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, १५ फागुन

नेपाली कांग्रेस वी पी स्मृति पुस्तकालय गण्डकी प्रदेशद्वारा आयोजित पठन संस्कृति कार्यक्रम आज भएको छ।

नेपाली कांग्रेस गण्डकी प्रदेशको सभाकक्षमा भएको सृङ्खला ५ मा "वी.पी. साहित्यको अभिलेखन" पुस्तक बारे परिचर्चा भएको हो । "वी.पी. साहित्यको अभिलेखन" विमर्श पृथ्वीनारायण क्याम्पसका पूर्व सहायक क्याम्पस प्रमुख प्रा.डा.यमबहादुर पौडेल क्षेत्रीले परिचर्चा गर्नुभएको थियो।

प्रा.डा.गोविन्दराज भट्टराईद्वारा लिखित "वी.पी. साहित्यको अभिलेखन" मा रहेको पुस्तकको सारशंमा क्षेत्रीले राजनीति र साहित्य, नेपालमा राजनीति र साहित्यमा वीपी कोइराला, पुस्तक विमर्श भित्र के रहेको छ ? भन्ने लगायतका विषयमा जानकारी गराउनुभएको थियो।

त्यसैगरी कार्यक्रमका प्रमुख अतिथि तथा नेपाली कांग्रेस गण्डकी प्रदेशका महामन्त्री




विष्णुप्रसाद लामिछानेले पुस्तक परिचर्चाको ५ औं सृङ्खलामा आइपुग्नु खुसीको कुरा रहेको जनाउँदै निरन्तरताको लागि शुभकामना व्यक्त गर्नुभएको थियो। उहाँले वीपीले साहित्यमा गरेको योगदान अतुलनिय रहेको बताउनुभयो । पछिल्लो समय अध्ययन प्रति रुची कम हुँदै गएको हुँदा पुस्तकालयको आवश्यकता बारे बताउँदै उहाँले भन्नुभयो, 'अहिलेको अवस्थामा पार्टीका दस्तावेज, अध्ययन गर्ने शैली, पार्टीका नेताहरु प्रति अध्ययन गर्ने क्रम अत्यन्तै कम हुँदै गएको, सिद्धान्तको आधारमा पार्टीलाई अगाल्ने काम भन्दापनि व्यक्ति र अन्य थुप्रै कारणले आकर्षित हुने कारणहरु बन्न पुग्यो। यसले पार्टीलाई सही दिशामा लादैन भन्ने लागेपछि नेपाली कांग्रेस गण्डकी प्रदेशले पुस्तकालय स्थापना गरेके हो।'

त्यसैगरी महामन्त्री लामिछानेले राजनीतिमा डिग्री गर्नु मात्र नभएर व्यक्तित्व विकास महत्वपूर्ण भएको बताउँदै उहाँले स्वअध्ययनले व्यक्तित्व विकास गर्ने हुँदा पुस्तकालयले अहम भूमिका निर्वाह गर्ने भनाइ रहेको थियो। कार्यक्रममा बोल्दै महामन्त्री लामिछानेले भने, आफू हारेर पनि मुलुकलाई जिताउनुपर्छ भन्ने सोच वीपीको कार्यशैली सबै नेता कार्यकर्ताले सिक्नुपर्ने बताउनुभयो। साच्चै नै राजनीति गर्ने हो भने पहिलो प्राथमिकता जनता, समाज र मुलुकप्रति हो भनेर लाग्नुपर्छ । त्यसैगरी राजनीति र साहित्य लेखक प्रा.डा. गोविन्द राज भट्टराईले आफ्नो विचार व्यक्त गर्नुभएको थियो । वीपी कोइरालाप्रतिको श्रद्धा उच्च रहेको बताउँदै नेपाली आख्यान, मनोविज्ञानको सिद्धान्त ल्याएर नेपाली साहित्यमा विशेष योगदान पुऱ्याउनुभएको भट्टराईले बताउनुभयो। भने, प्रस्तुत परिचर्चा कार्यक्रममा डा.इश्वरमणी अधिकारी र डा.लक्ष्मीशरण अधिकारीले आफ्ना जिज्ञाशा राख्नुभएको थियो । उक्त कार्यक्रममा डा.बलराम भट्टराईले आफुले लेखेका केही थान पुस्तक वीपी स्मृति पुस्तकालय गण्डकी प्रदेशलाई निःशुल्क सहयोग गर्नुभएको थियो। पुस्तकालयका सचिव सुर्यबहादुर क्षेत्रीले सञ्चालन गर्नुभएको उक्त परिचर्चा कार्यक्रम प्रा.डा.कुसुमाकर न्यौपानेले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो भने अध्यक्ष माधव प्रसाद बास्तोला (मधु)को सभापतित्वमा भएको थियो।

# तेस्रो माछापुच्छ्रे गाउँपालिका अध्यक्ष कप भलिबल प्रतियोगिता जारी

**पोखरापत्र संवाददाता**
पोखरा, १५ फागुन

माछापुच्छ्रे गाउँपालिका खेलकुद विकास समितिको आयोजनामा पर्यटकीय क्षेत्र घम्पुसमा बुधवार देखि जारी तेस्रो मााछापुच्छ्रे गाउँपालिका अध्यक्ष कप गण्डकी प्रदेश पालिका स्तरीय पुरुष तथा महिला भलिबल प्रतियोगिताको दोस्रो दिन ५ खेल सम्पन्न भएको छ।

बिहीबार भएको महिला भलिबल तर्फको पहिलो सेमिफाइनल खेलमा आयोजक माछापुच्छ्रेलाई पछि पार्दै बागलुङले फाइनलको यात्रा तय गरेको छ । दोस्रो सेमिफाइनल खेलमा हिमशिखर युवा क्लब घम्पुस र शान्त भलिबल ट्रेनिङ सेन्टर बिच भएको खेलमा शान्ता भलिबल ट्रेनिङले हिमशिखरलाई पराजित गरेको छ । महिला भलिबलको फाइनल खेलमा बागलुङ र शान्त भलिबल ट्रेनिङ सेन्टरले उपाधिका लागि भिडेन भएका छन्। यता पुरुष तर्फ मादी गाउँपालिका र निस्सिखोला बिच हुने भनिएको खेलमा मादी गाउँपालिका उपस्थित हुन नसके पछि निस्सि खोलालाई आगामी यात्राको लागि आयोजकले विजय घोषण गऱ्यो । स्याङ्जा हरिनास र माछापुच्छ्रे गाउँपालिका बिच भएको खेलमा पहिलो र अन्तिम दुई सेटले पछि पर्दै हरिनासले सुखद



यात्रा तय गरेको छ। कार्यक्रमलाई सम्बोधन गर्दै गण्डकी प्रदेशका पूर्व अर्थ मन्त्री रामजी बरालले खेलको महत्त्व माथि प्रकाश पार्दै जित हार भन्दा पनि खेलमैदानमा प्रवेश गर्नु नै खेलाडीको विजय सुरुवात भएको बताउनु भयो । विभिन्न जिल्ला बाट सहभागी खेलाडीहरूलाई पर्यटकीय क्षेत्र घम्पुसको सम्झना सवैमाझ प्रवाह गरिदिनु हुन अनुरोध गर्नुभयो। माछापुच्छे गाउँपालिका वडा नं।७ धम्पुसको व्यवस्थापन र माछापुच्छे गाउँपालिका भलिबल संघको समन्वयमा फागुन १४ देखि १७ गते सम्म प्रतियोगिता चल्नेछ। पुरुष तर्फ १४ र महिला तर्फ ५ टिमको सहभागीता रहेको छ। प्रतियोगितामा पुरुष तर्फ प्रथम पुरस्कार २ लाख, द्धितीय पुरस्कार १ लाख र सेमी फाइनलमा उपविजेता दुइ टिमलाई ५०/५० हजार ट्रफि मेडल र प्रमाण पत्र रहेको छ ।त्यसैगरी महिला तर्फ प्रथम पुरस्कार १ लाख, द्धितीय पुरस्कार ५० हजार र सेमी फाइनलमा उपविजेता दुई टिमलाई २५/२५ हजार ट्रफि मेडल र प्रमाण पत्र रहेको छ। पुरुष तथा महिला भलिबलमा विधागत उत्कृष्ट खेलाडी, उत्कृष्ट स्पाई कर, मिडिल ब्लकर, डिफेन्डर, सेटर सर्भर र प्रशिक्षकलाई पालिकाको लोगो अङ्कित खेलकुद पोसाक पुरुस्कार प्रदान गरिने छ । प्रतियोगिता सम्पन्न गर्नका लागि माछापुच्छे गाउँपालिकाले १३ लाख रुपैयाँ विनियोजन गरेको छ।




# कृषिबाट आम्दानी लिँदै नेकपाका कार्यकर्ता

**पोखरापत्र संवाददाता**
पोखरा, १५ फागुन

उत्पादनसँग जोडिने ठूला राजनीतिक दलका योजना निरर्थक बनिरहेका बेला नेपाल कम्युनिष्ट पार्टीका नेता-कार्यकर्ताले भने त्यसलाई चरितार्थ तुल्याएका छन्। देशका विभिन्न ठाउँमा व्यावसायिक कृषि उत्पादनसँग जोडिएको नेकपाले हालै काठमाडौंमा 'सी व्यापार केन्द्र'समेत सञ्चालनमा ल्याएको छ । उक्त व्यापार केन्द्रबाट कृषिजन्य वस्तुको उत्पादन तथा वितरण हुँदै आएको छ।

नेकपाका महासचिव नेत्रविक्रम चन्द 'विप्लव' आफै कृषिकर्ममा जोडिएर आफ्ना नेता-कार्यकर्ता र सर्वसाधारण किसानलाई व्यावसायिक उत्पादनतिर प्रेरित गरिरहनुभएको छ । उत्पादनसँग जोडिने पार्टी नीतिलाई लागू गरेका कास्कीका नेकपा नेता-कार्यकर्ता पनि व्यावसायिक कृषि खेती गरेर उदाहरणीय बनेका छन् । गत असारदेखि पोखरा महानगरपालिका-१४ छिनेडाँडामा १४ रोपनी जग्गा भाडामा लिएर कृषि उत्पादन सुरु गरिएको नेकपाका केन्द्रीय सदस्य एवं गण्डकी प्रदेशका कार्यालय सचिव विकिरण क्षेत्रीले जानकारी दिनुभयो।

छिनेडाँडामा रहेको परम्परागत घरसमेत भाडामा लिई त्यसैमा कार्यालय पार्टी कार्यालय सञ्चालन हुँदै आएको उहाँको भनाइ छ । कार्यालय सचिव क्षेत्रीका अनुसार यो हिउँदमा ६५ क्विन्टल आलु उत्पादन भएको छ। "झण्डै रु तीन लाख बराबरको आलु फल्यो, ३० क्विन्टल आलु चिप्स उत्पादनका लागि बाहिर पठाइएको छ, बाँकी पोखरामै बिक्री गर्छौं", उहाँले भन्नुभयो, "अब चैतेधान र मकै रोप्ने तयारी भइरहेको छ, काँक्रालगायत तरकारीका लागि टनेलखेती गरिरहेका छौं।"

पार्टी केन्द्रले काठमाडौंमा सञ्चालन गरेको 'सी व्यापार केन्द्र'मा पोखरामा उत्पादन भएको तीन क्विन्टल जेठोबुढोको धान पठाइएको उहाँले बताउनुभयो । नेकपा गण्डकी प्रदेश इञ्चार्ज उमा भुजेलले कृषि उत्पादनमा प्रत्यक्ष रुपमा नेता-कार्यकर्ता खट्ने गरेको सुनाउनुभयो । "कृषि उत्पादनमा दैनिक रुपमा जोडिने साथीहरु सात/आठ जना हुनुहुन्छ", उहाँले भन्नुभयो, "आवश्यक पर्दा काममा सघाउन बाहिरबाट पनि आउनुहुन्छ।"

इञ्जार्च भुजेलका अनुसार तनहुँको बन्दीपुर, नवलपुर, म्याग्दी, बागलुङ, लमजुङलगायतका जिल्लामा पनि नेकपाका नेता-कार्यकर्ता कृषि उत्पादन जोडिएका छन् । व्यावसायिक कृषिमा नेपालको भविष्य जोडिएकाले त्यसतर्फ समाजलाई अभिप्रेरित गर्न पार्टीलाई उत्पादन कार्यमा संलग्न गराइएको केन्द्रीय सदस्य क्षेत्रीले बताउनुभयो।

"कृषि उत्पादन क्षेत्र विस्तार गर्दै जाने र किसानलाई जोड्ने पार्टीको योजना छ, पार्टी नेतृत्वले गरेको कृषि क्रान्तिको उद्घोषलाई व्यवहारिक रुपमा कार्यान्वयन गर्नु हामी नेता-कार्यकर्ताहरुको दायित्व हो", उहाँले भन्नुभयो, "यसले जनस्तरमा पनि कृषिप्रतिको आकर्षण बढाउँछ भन्ने हाम्रो विश्वास छ, राजनीतिक दलहरुप्रतिको दृष्टिकोण पनि बदलिन्छ।"

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

एक टन सिद्धान्तको तुलनामा एक औंस कामको धेरै मूल्य हुन्छ। - फ्रेडरिक एँगेल्स

## सम्पादकीय

# धार्मिक पर्यटनकेन्द्र उन्मुख सराङकोट

सराङकोटमा २०६१ सालदेखि गुरुयोजना बनाई विभिन्न संरचना निर्माण गरिएको छ । हालसम्म विशाल शिव मन्दिर, नेपालकै पहिलो विशाल पञ्चमुखी गणेश मूर्ति, १०८ शिवलिङ, १०८ धारा, भ्यू टावर, बहुउद्देश्यीय भवन, भूमे कालिका, स्वागतद्वार निर्माण भएका छन् । ती संरचना निर्माणमा हालसम्म ३५ करोड बढी खर्च भइसकेको छ । महाउत्सवका अवसरमा सामुहिक ब्रतबन्ध, लाख बत्ती बाल्ने, ग्रह शान्ति, रुद्री, चौरासी पुजा तथा संगीतमय भजन कृर्तन गरिनेछ ।सराङकोटमा अझै १५ करोडका संरचना निर्माण गर्ने समितिले लक्ष्य राखेको छ ।

पोखराको प्रसिद्ध पर्यटकीय स्थल सराङकोटमा श्रीमद्‍भागवत् ज्ञानमहायज्ञ एवम् धार्मिक पर्यटन महाउत्सव सुरु भएको छ । २१ फागुनसम्म जारी रहने यज्ञ शुभारम्भ पूर्व बाजागाजा, भजन, युद्ध कलासँग सम्बन्धित सरुन खेल प्रदर्शन गरिएको थियो । यज्ञ शुभारम्भका दिन अन्नपूर्ण केवलकारमा अध्यक्ष कालु गुरुङबाट रु.२५ लाख, सराङकोट धार्मिक एवम् पर्यटन क्षेत्र विकास समितिका अध्यक्ष प्रेमबहादुर जिसी परिवारबाट रु.१५ लाख, त्यस्तै खिमबहादुर जिसीको परिवारबाट रु.२ लाख ३३ हजार एवम् अन्य दाताको गरी कुल ४५ लाख ७५ हजार सहयोग संकलन भएको प्रसारप्रसार संयोजक कृष्ण थापाले जानकारी दिएका छन ।

समारोहलाई सम्बोधन गर्नुहुँदै सहयोगदाता अन्नपूर्ण केबलकार अध्यक्ष कालु गुरुङले सराङकोट धार्मिक पर्यटकीय स्थलका अलवा शक्ति पीठका रुपमा क्रमश स्थापित हुँदै गएको जनाउनु हुँदै सद्‍कर्ममा सहयोग गर्न पाउदाँ खुशी लागेको सुनाए । उहाँले आफुले धार्मिक संघसंस्थामा सक्दो सहयोग गर्दै आइरहेको स्मरण गर्नुहुँदै सराङकोट वास्तवमै स्वर्गको टुक्रा भएको अनुभव राख्नुभयो । भागवत् भाष्कर पण्डित कमलनयन गौतमले सराङकोटलाई पुण्यभूमिको संज्ञा दिनुहुँदै सराङकोट पहिचान स्थापित भूमि भएको स्पष्ट पार्नुभयो । उहाँले सराङकोट धामको बृद्धि विकासमा लागि हाल सहित ६ यज्ञ गरिएको स्मरण गर्नुहुँदै सराङकोट टप पुगेपछि स्वर्ग पुगेको महशुस हुने गरेको औँल्याउनुभयो ।

पोखरा महानगरपालिका प्रवक्ता समेत रहनुभएका वडा नं. २५ का अध्यक्ष मोतिराज तिमिल्सिनाले सराङकोट महाउत्सवले पोखरा भ्रमण वर्षलाई महत्वपूर्ण योगदान दिने विश्वास व्यक्त गर्नुहुँदै महाउत्सव समग्र पोखरेलीकै चाड भएको उल्लेख गर्नुभयो । प्रवक्ता तिमिल्सिनाले पोखरा कोटैकोटको शहरका रुपमा स्थापीत हुँदै गएकोमा खुशी व्यक्त गर्नुहुँदै सराङकोटको स्तरउन्नतीमा महानगरले विशेष भूमिका निर्वाह गर्ने प्रतिबद्धता जनाउनुभयो । वडाध्यक्ष शिवप्रसाद तिमिल्सिनाले उत्सव समग्र पोखरेलीको चाड भएको भनाई राख्नुहुँदै सराङकोटमा निर्माण भएका संरचना संरक्षणमा सबैले ध्यान दिनुपर्ने जनाउनुभयो । २०६१ सालदेखि सराङकोट धार्मिक एवम् पर्यटन क्षेत्र विकास समिति गठन पश्चात गुरुयोजना निर्माण गरी हालसम्म अनवरत रुपमा सहयोग जुटाउँदै त्यहाँ निर्माण कार्य गरिएको स्पष्ट पार्नुहुँदै अध्यक्ष तिमिल्सिनाले पोखरालाई नियाल्न सराङकोट टप पुग्नैपर्ने स्पष्ट पार्नुभयो । त्यस अवसरमा सराङकोट धार्मिक एवम् पर्यटन क्षेत्र विकास समितिका अध्यक्ष प्रेमबहादुर जिसी, वडा सदस्य कल्पना ढकाल क्षत्री लगायतले पनि महाउत्सवको महत्वमाथि प्रकाश पार्नुहुँदै सबैको साथ सहयोगबाट उत्सव सफल हुने विश्वास व्यक्त गर्नुभयो । उद्घाटनको दिन आज यज्ञ स्थल पुग्ने सम्पूर्ण भक्तजनका लागि केबलकार तथा बसमा आवातजावत निःशुल्क व्यवस्था मिलाइएको थियो । त्यस्तै यज्ञमा मातृ शक्तिको वाक्लो उपस्थिती देखिन्थ्यो ।

महाउत्सव अर्न्तगत यहि १७ फागुनमा राष्ट्रपति रामचन्द्र पौडेलको बाहुलीबाट सराङकोट धाममा निर्माण गरिएको विशाल पञ्चमुखी गणेश मुर्ति एवम् देवालयहरुको उद्धाटन गर्ने कार्यक्रम रहेको छ । सराङकोटमा २०६१ सालदेखि गुरुयोजना बनाई विभिन्न संरचना निर्माण गरिएको छ । हालसम्म विशाल शिव मन्दिर, नेपालकै पहिलो विशाल पञ्चमुखी गणेश मूर्ति, १०८ शिवलिङ, १०८ धारा, भ्यू टावर, बहुउद्देश्यीय भवन, भूमे कालिका, स्वागतद्वार निर्माण भएका छन् । ती संरचना निर्माणमा हालसम्म ३५ करोड बढी खर्च भइसकेको छ । महाउत्सवका अवसरमा सामुहिक ब्रतबन्ध, लाख बत्ती बाल्ने, ग्रह शान्ति, रुद्री, चौरासी पुजा तथा संगीतमय भजन कृर्तन गरिनेछ । सराङकोटमा अझै १५ करोडका संरचना निर्माण गर्ने समितिले लक्ष्य राखेको छ ।

# तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : शत्रुको भय | तुला | : अप्रत्यसित लाभ |
| वृष | : झमेला बढ्ने | वृश्चिक | : सत्कार मिल्नेछ |
| मिथुन | : शुभ यात्रा | धनु | : आर्थिक समस्या |
| कर्कट | : स्वास्थ्यमा सुधार | मकर | : शारीरिक झमेला |
| सिंह | : कार्यमा सफलता | कुम्भ | : मानसिक तनाव |
| कन्या | : सहयोग मिल्नेछ | मीन | : ब्यापारमा लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस्।

# 'मृत्युको बोध गरेको मान्छेलाई धेरै कुराले बाँध्दैन'




पोखरापत्र संवाददाता
पोखरा, १५ फागुन

मेरो जीवनका तीन घुम्तीहरू छन् । जहाँसम्म मलाई सम्झना छ, एउटा त फिल्म इन्डष्ट्री जहाँ मैले कसैलाई चिनेकी थिइनँ । जहाँ मेरो केही पृष्ठभूमि पनि थिएन । नयाँ ठाउँ, नयाँ वातावारणमा गएर त्यहाँ संघर्ष गर्नु त्यो मेरा लागि नयाँ मोड थियो ।

दोस्रो मोड, जब मलाई क्यान्सर भयो त्यो पनि एकदमै नयाँ वातावरण थियो । मलाई थाहा थिएन बाँच्छु, मर्छु, के हुन्छ भनेर । त्यो दोस्रो घुम्ती भयो । तेस्रो मलाई लाग्छ, अहिले म ५४ वर्षको छु । मेरो कोसिस के छ भने नौलो जिन्दगी हुनेछ । मसँग यत्रो वर्षको भोगाइ, पीडा र दुःख-सुःखको एउटा अनुभव छ । त्यसलाई लिएर अब अगाडि कसरी बढ्ने ? भनेर अहिले तेस्रो घुम्तीमा छु । म जहिले जवान थिए, मसँग असाध्यै ऊर्जा थियो । त्यसैको प्रभावले कहिले निकै उचाइमा पुगें, खस्दा पनि छर्लङ्ग नै खसे । क्यान्सरले ग्रसित हुनु त्यो मेरो जीवनको एउटा महत्वपूर्ण समय थियो । त्यसैले जहिल्यै पनि सम्झन चाहन्छु । जीवन भएपछि मृत्यु हुन्छ, हुन्छ, हुन्छ । र त्यतिखेर म मृत्युको बोधले या भयले घेरिएको थिए । एक्लोपनले गिजलेको थियो । मृत्यु, मलाई लाग्छ हामी सबैको एक न एक दिन सत्य हुन्छ । कसैको छिटो, कसैको ढिला । तर, हामीले एक दिन भोग्नु नै पर्छ । त्यसपछि मलाई लाग्यो कि मैले बाँच्न पाए भने कस्तो जीवन बाँच्ने भनेर मैले त्यतिखेर नै सोचेको थिएँ कि ल यस्तो, यस्तो, यस्तो गर्छु भनेर । बाँच्न पाए अहिले त्यही बाटोमा हिँडेर म हिँडिरहेको हुन्छु । क्यान्सरको उपचार गर्नलाई हस्पिटलमा बस्दा आशावादी त म थिइनँ । म निराश थिएँ । लाग्यो कि मलाई यही मेरो जीवनको अन्तिम क्षण हो । अन्तिम दिनहरू हो । असाध्यै हिनताबोध के भइरहेको थियो भने मैले जीवन पाएँ तर त्यसको भरपूर उपयोग गर्न सकिनँ । त्यसको दुरुपयोग गरें । म क्यान्सरले ग्रसित हुँदा ४१ वर्षको थिएँ । मैले ४१ वर्षसम्म बाँच्न पाएको थिएँ । उपयोग आफैंले बाँच्न गरें भनेर असाध्यै हिनताबोध भएको थियो । हस्पिटलको बेडबाट धेरै कुरा सिक्न पाएँ त्यतिखेर । आफन्त को हो भनेर ? आफन्त देखिने भनेको को रहेछ ? जीवनमा के महत्वपूर्ण रहेछ ? के संवेदनशील छ ? के संवेदनशील छैन भनेर ? क्यान्सर हुनुभन्दा पहिले मलाई लाग्थ्यो, 'जीवन अनन्त छ, मेरो अन्त्य छैन भनेर । अंहकार जस्तो थियो ।' हामीले आफ्नो मृत्युको बारेमा सोचेकै हुँदैनौं । अब त निश्चित छ भनेर धेरै कुरा मनमा आयो । एक्लोपन असाध्यै भयो । डर असाध्यै लाग्यो । बाँच्छु, जिउँछु ? कतिसम्म बाँच्छु र कहिलेसम्म कुन हालतमा बाँच्छु ? किमो लिइसकेपछि मेरो जिउ कस्तो खाले हुन्छ भन्ने पनि थाहा थिएन । अपाङ्ग भएर बाँच्छु कि ? भन्ने सोचहरू मनमा आएको थियो । भगवानको कृपा हो, अहिले म जे छु, जस्तो छु । जब हस्पिटलमा थिए त्यतिखेर मैले सोचेको मान्छेहरू, माया गरेको मान्छेहरु म सँग कोही आएनन् । मेरो आमाबुवा र निकट साथीहरु भन्दा बाहेकका एउटा दुईटा आए । मेरो त जमातै हुन्थ्यो, ठूलो सर्कलमा साथीहरु थिए । त्यतिखेर कोही भएन । म एक्लो निराश भएर हस्पिटल बेडमा बसिराको हुन्थें । एक जना डाक्टर हुनुहुन्थ्यो । हरेक आइतबार मकहाँ आउनुहुन्थ्यो । पूरा दिन मसँग बस्नुहुन्थ्यो । एकचोटी बस्नुभो । दुईचोटी बस्नुभो । मेरो मनमा धेरै प्रश्नहरू आउन थाले । एकदिन त मैले आफूलाई रोकेर सोधें, 'तपाईं आइतबार यहाँ आएर बस्नुहुन्छ । न्यूयोर्कको राम्रो हस्पिटलको डक्टर हुनुहुन्छ । त्यहाँ तपाईं यति व्यस्त हुनुहुन्छ हप्तैभरी । आइतबार एक दिन पाउनुहुन्छ त्यो पनि आफ्नो परिवार, आफूलाई रिल्याक्स गर्ने दिन हो । तर, तपाईं मकहाँ आउनुहुन्छ ? तपाईं मेरो फ्यान पनि होइन । साथी पनि होइन । किन आएर मसँग बस्नुहुन्छ ।' आफ्नो महत्वपूर्ण समय मर्ने व्यक्तिलाई किन दिइरहनुभएको छ ?' उहाँले भन्नुभो, 'मनिषा जी सो दृयाट यु डु दिस समबडी एल्स ।' म अवाक् भएँ । उहाँले आफूलाई भनेर होइन कि थाहा रहेछ म एक्लो छु भनेर । र मलाई साथको खाँचो छ भनेर । त्यसैले उहाँ आउनुभो । उहाँलाई इच्छा रहेछ मैले पनि त्यसै गरिदिउँ कसैलाई परेको बेलामा ।

# मनाइयो ४३ औँ मगर संघ दिवस

पोखरापत्र संवाददाता
तनहुँ, १५ फागुन

मगर संघ स्थापना भएको भूमिमा ४३औँ मगर संघ स्थापना दिवस मनाइएको छ ।

विसं २०३९ फागुन १५ गते तनहुँको दमौलीमा नेपाल लाङ्घाली परिवार संघको स्थापना भएको थियो । सोही दिनलाई मगर संघले स्थापना दिवसको रुपमा मनाउँदै आएको छ ।

तनहुँ देशभरिमा सबैभन्दा धेरै मगरजाति बसोबास गर्ने जिल्लाका रुपमा चिनिन्छ । विसं २०३९ मा मगर संघको पहिलो महाधिवेशन भए तापनि त्यस अघिदेखि नै मगरहरु विभिन्न ढङ्गले सङ्गठित हुँदै आएका थिए । विसं २०३९ फागुन १४, १५ देखि १६ गते तनहुँको दमौलीमा पञ्चायती व्यवस्थामा प्रहरी घेराबन्दीको बीचमा हजारौं मगर समुदायको उपस्थितिमा 'नेपाल लाङ्घाली परिवार संघ' को ऐतिहासिक प्रथम महाधिवेशन भव्यताका साथ सम्पन्न भएको थियो । विसं २०४८ को चौथो महाधिवेशनले 'नेपाल लाङ्घाली परिवार संघ' लाई नाम परिवर्तन गरी 'नेपाल मगर सङ्घ' मा रूपान्तरण गरेको थियो । मगर संघ स्थापनाको



४३औँ वर्षको अवसरमा तनहुँको दमौलीमा बिहीबार विविध कार्यक्रमसहित मगर सङ्घ स्थापना दिवस मनाइएको छ । दिवसका अवसरमा तनहुँका दशवटै पालिकाले बिहीबार सार्वजनिक बिदा दिएका थिए । दमौलीस्थित खुला मैदानमा आयोजित कार्यक्रममा विविध सांस्कृतिक कार्यक्रम आयोजना गरिएको थियो । कार्यक्रममा गण्डकी प्रदेशका सांसद एवं पूर्वअर्थमन्त्री जीतप्रकाश आलेले मगर समुदायको चेतनास्तर बढाउन आवश्यक रहेको बताउनुभयो । उहाँले मगर जाति सङ्गठित भएर अगाडि बढ्नुपर्ने बताउँदै भाषा, संस्कृति संरक्षणका लागि सक्रिय हुनुपर्नेमा जोड दिनुभयो ।

मगर सङ्घ गण्डकी प्रदेशका निवर्तमान अध्यक्ष एवं मगर सङ्घका केन्द्रीय निर्वाचन समिति संयोजक सिद्धान्त थापा मगरले समाज रुपान्तरणमा मगर समुदायको भूमिका अग्रणी रहँदै आएको बताउनुभयो ।

ऋषिङ गाउँपालिकाका अध्यक्ष राजेन्द्रकृष्ण श्रेष्ठले मगर समुदाय संस्कृति संरक्षणमा अब्बल रहेको धारणा राख्नुभयो । नेकपा (माओवादी) केन्द्रका वैकल्पिक केन्द्रीय सदस्य मदन आलेले मगर समुदाय देशको मूल प्रवाहबाट पछाडि परेको बताउनुभयो । घिरिङ गाउँपालिकाका अध्यक्ष होमबहादुर थापाले जातीय उत्थानका लागि मगर समुदाय एकजुट हुनुको विकल्प नरहेको चर्चा गर्नुभयो ।

# लिटिल स्टेपमा त्रिदिवसिय खेलकुद कार्यक्रम सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, १५ फागुन

लिटिल स्टेप माध्यमिक विद्यालय, पोमनपा-८ सिमलचौरमा शैक्षिक सत्र २०८१ अन्तर्गत कक्षा १०+१ र २ विज्ञान, व्यवस्थापन तथा होटल व्यवस्थापन संकायमा अध्ययनरत विद्यार्थीहरुबीच अन्तर संकाय त्रिदिवसिय खेलकुद कार्यक्रम आज सम्पन्न भयो ।

फागुन ११, १२ र १३ गते संचालित उक्त खेलकुद कार्यक्रमको समुद्घाटन प्राचार्य श्रीमती पम्फा गुरुङद्वारा मन्तव्य र बल हस्तान्तरणसहित भएको थियो । भलिबल, बास्केटबल, टेबल-टेनिस, बेडमिन्टन, रस्साकस्सी जस्ता खेलहरु समाविष्ट भएको उक्त त्रिदिवसिय खेलको कार्यक्रममा विद्यार्थीहरुको सहभागिता उत्साहजनक रहेको थियो ।

खेलकुदमा प्रथम, द्वितीय तथा तृतीय स्थान हासिल गर्ने संकाय तथा विद्यार्थीहरुलाई आकर्षक पुरस्कारको व्यवस्था पनि रहेको छ ।

# ७ वर्षिया भूमिलक्ष्मीको पुस्तक विमोचन

पोखरापत्र संवाददाता
पोखरा, १५ फागुन

सात वर्षिय भूमिलक्ष्मी पराजुलीले लेखेको पुस्तक विमोचन भएको छ । पोखरामा बिहीबारदेखि




सुरू भएको एनसेल फाउन्डेसन नेपाल लिटरेचर फेस्टिभलमा उनले लेखको 'मर्मेड, व्हेल एण्ड प्रिन्सेस' पुस्तक विमोचन गरिएको हो । कक्षा २ मा अध्ययनरत भूमिले ६ वर्षको उमेरमा दशैं बिदामा यो कथा लेखेकी थिइन् । उनले कथासँगै चित्र कोरेर पुस्तक तयार पारेकी हुन् । चित्र र कथा पढ्न रुचाउने भूमिले यसअघि पनि कथा लेखेकी छिन् ।

तर, प्रकाशित कथा भने उनको यो पहिलो हो । आफ्नो पुस्तकका कथाले अरूलाई घृणा गर्न नहुने, हेपाहा प्रवृत्ति देखाउन नहुने पाठ दिने सुनाइन् ।

# शिवरात्रिमा सामूहिक माछा मार्ने प्रचलन

पोखरापत्र संवाददाता
दमौली, १५ फागुन

तनहुँको भिमाद नगरपालिका-३ स्थित बुढुवाखोलामा शिवरात्रि पर्वमा स्थानीयवासीले सामूहिक रूपमा भेला भएर माछा मार्ने प्रचलनलाई निरन्तरता दिएका छन् । यहाँ वर्षौंदेखि स्थानीयवासीले महाशिवरात्रि पर्वमा सामूहिक रूपमा माछा मार्दै आएका छन् ।

शिवरात्रिको दिन बिहानदेखि खोलामा माछा मार्नेको भीड लागेको स्थानीयवासी चेतबहादुर मल्लले जानकारी दिनुभयो । शिवरात्रिमा यस खोलामा माछा मार्ने प्रचलन वर्षौंदेखि चलिआएको र त्यसलाई यहाँका स्थानीयवासीले निरन्तरता दिएको उहाँले बताउनुभयो । "माछा मार्ने यहाँको प्रचलन नै हो । यसलाई प्रत्येक वर्ष स्थानीयवासीले निरन्तरता दिएका छन् । हामीले थाहा पाएदेखि नै यो चलन रहँदै आएको छ", मल्लले भन्नुभयो । माछा मार्ने कार्यमा सहभागी हुनुभएका वसन्तसिंह



ठकुरीले विगतका वर्षमा तीन/चार सय व्यक्ति भेला भई माछा मार्ने गरे पनि यस वर्ष भने करिब दुई सयको सङ्ख्यामा सहभागी भएको जानकारी दिनुभयो । उहाँका अनुसार माछा मार्न बालक, युवादेखि वृद्धसम्म बुढुवाखोला पुगेका थिए ।

ढडिया, जाल, डोकोलगायत सामग्री प्रयोग गरी परम्परागत रूपमा माछा मार्ने प्रचलन रहँदै आएको छ । भिमाद नगरपालिका-३ का वडाध्यक्ष पदम ठकुरीले माछा मार्ने प्रचलनले स्थानीयवासीबीच भाइचाराको विकास भएको बताउनुभयो ।

उहाँले भन्नुभयो, "यो एउटा चलिआएको चलन मात्र नभई आपसी सद्‍भाव र भाइचाराको विकास गर्ने माध्यम पनि बनेको छ ।" विगत वर्षमा स्थानीयवासीले माछा मारेर फुर्लङभरि लैजाने गरे पनि आजभोलि करेन्ट र विषादीको प्रयोगले बुढुवाखोलामा माछा कम पाउन थालेका छन् । शिवालय नजानेहरू शिवरात्रिमा यहाँ माछा मार्न आउने गरेको छन् । यसपटकको महाशिवरात्रिमा घिरिङ गाउँपालिका-४ र ५ तथा भिमाद नगरपालिका-३ का स्थानीय माछा मार्न सहभागी भएका जनाइएको छ ।

# एउटै व्यक्ति भएको सूचना

कास्की जिल्ला मादी गाउँपालिका वडा नं. ११ साविक सैमराङ गाविस निवासी बाबा भारतीय आसम राईफल भू.पू. सैनिक नं. 120438 का राईफलमेन स्व. गोरे गुरुङको जेठी छोरी कुश्मी गुरुङको जन्म मिति नेपाली नागरिकतामा २०२४/०५/२१ भएको र बाबा स्व. गोरे गुरुङको भारतीय पेन्सन रेकर्डमा ०१ मे १९६३ (01 May 1963) तदानुसार वि.स. २०२०/०१/१८ उल्लेख भएकोमा दुबै जन्ममिति भएको व्यक्ति कुश्मी गुरुङ नै भएको व्यहोरा जिल्ला प्रशासन कार्यालय कास्कीको पत्र संख्या २०७७/०७८ च नं. ४४६० अनुसार भएको व्यहोरा जानकारी सिफारिस गरिएको छ ।

# सिर्जना साहित्य सदनलाई एक लाखको राशिको हेमराज पहारी स्मृति पुरस्कार

**पोखरापत्र संवाददाता**
पोखरा, १५ फागुन

कास्कीको माछापुच्छ्रे गाउँपालिका-३ घाचोकमा क्रियाशील रहेको सिर्जना साहित्य सदनलाई यस वर्षको हेमराज पहारी स्मृति साहित्यिक पुरस्कार प्रदान गरिएको छ।

ग्रामिण क्षेत्रमा रहेर नेपाली भाषा, साहित्य, कला र संस्कृतिको उत्थानसहित विभिन्न साहित्यिक गतिविधिका माध्यमबाट साहित्य क्षेत्रको विकासका लागि योगदान गरेकामा सो पुरस्कार प्रदान गरिएको हो । हेमराज पहारी स्मृति प्रतिष्ठानद्वारा घाचोकमा आज आयोजित एक कार्यक्रमकाबीचमा प्राज्ञ डा जगमान गुरुङले सिर्जनाका अध्यक्ष शिवप्रसाद पोखरेललाई नगद रु एक लाख र ताम्रपत्र सहित सो पुरस्कार अर्पण गर्नुभयो । कार्यक्रममा प्राज्ञ गुरुङले आफ्नो गाउँ, ठाउँको पहिचान, संस्कार र संस्कृति संरक्षणमा सबैले ध्यान दिनुपर्ने बताउनुभयो । "आफ्ना सनातन धर्म, संस्कार र संस्कृति जोगाउनु आवश्यक छ । हुँदै नभएका कुरा भन्दा भएर पनि हराएका कुराको खोजी गर्नुपर्दछ", गुरुङले भन्नुभयो । माछापुच्छ्रे गाउँपालिकाका अध्यक्ष मीनबहादुर गुरुङले सिर्जना साहित्य सदन पुरस्कृत हुँदा सिङ्गो गाउँपालिका नै पुरस्कृत भएको महसुस भएको बताउनुभयो । पुरस्कारले सदनको गरिमा अझै माथि पुगेको भन्दै विगतमा अग्रजले गरेको दुःखको फल मिल्न थालेको बताउनुभयो । प्रतिभा चयन समिति संयोजक कृष्णप्रसाद बास्तोलाले कास्कीमा क्रियाशील करिब छ दर्जन साहित्यिक सङ्घसंस्थाबाट सृजना साहित्य सदन छनोट हुन सफल भएको बताउनुभयो ।

प्रतिष्ठानकी अध्यक्ष रिता न्यौपानेले सिर्जना साहित्य सदन कास्कीकै एक उत्कृष्ट साहित्यिक संस्था भएकोले पुरस्कार अर्पण गर्ने निर्णय गरेको बताउनुभयो । सदनका अध्यक्ष शिवप्रसाद पोखरेलले उत्कृष्ट संस्थाको रुपमा छनोट गरी पुरस्कृत गरेकामा प्रतिष्ठानप्रति आभार व्यक्त गर्दै सम्मानले संस्थाको गरिमा निकै माथि पुगेको महसुस भएको बताउनुभयो । कार्यक्रममा सदनका पूर्वअध्यक्ष महेश्वर अनुरागी, अग्रज कवि छविलाल आचार्य, पाल्पा साहित्य समाजका अध्यक्ष पुष्कराजरेग्मी अथक,लोकगायिका हरिदेवी कोइरालालगायतले नेपाली साहित्यका बारेमा उल्लेख गर्नुभयो । प्रतिष्ठानकी अध्यक्ष न्यौपानेको अध्यक्षतामा भएको कार्यक्रममा उपाध्यक्ष गोविन्दराज पहारीले स्वागत र सदनका संरक्षक असफल गौतमले सञ्चालन गर्नुभएको थियो । विसं २०६७ मा स्थापित प्रतिष्ठानले सिर्जनालाई प्रदान गरेको यो पुरस्कार आठौँ हो । प्रतिष्ठानले यसअघि संस्कृतिविद् सत्यमोहन जोशी, राप्ती साहित्य परिषद् दाङ, विमल गुरुङ स्मृति पुस्तकालय धरान, पोखरास्थित लोककवि अली मियाँ (मरणोपरान्त), झरना साहित्य परिवार मकवानपुर, साहित्य सन्ध्या काठमाडौँ, साहित्यकार सरुभक्तलाई पुरस्कार अर्पण गरेको थियो ।

साहित्यकार हेमराज पहारीको विसं २०६६ फागुन १७ गते सडक दुर्घटनामा निधन भएको थियो । पहारीको स्मृतिमा स्थापित प्रतिष्ठानले हरेक दुई वर्षमा पुरस्कार अर्पण गर्दै आइरहेको छ । सिर्जना साहित्य सदन विसं २०५४ देखि नेपाली साहित्यको विकासमा निरन्तर क्रियाशील छ । नेपाली भाषा, साहित्य, कला र संस्कृतिको उत्थानसहित विभिन्न साहित्यिक गतिविधि गर्दै आएको सदनले हरेक वर्ष मुखपत्र 'सिर्जना' प्रकाशन गर्दै आइरहेको छ ।

# सु-शान्त क्लबद्वारा आयोजित भजन चुट्का प्रतियोगितामा माछापुच्छ्रे सेवा समाज भजन समूह प्रथम

**पोखरापत्र संवाददाता**
पोखरा, १५ फागुन

हिन्दू धर्मावलम्बीहरूको महान पर्व महाशिवरात्रि पर्वको अवसरमा सु-शान्त क्लब पोखरा-१७ बिरौटाको आयोजनामा विविध धार्मिक तथा सांस्कृतिक कार्यक्रमहरू भएका छन् ।

कार्यक्रममा शिव महिमा भजन चुट्का प्रतियोगिता, रुद्री पूजा, धुनी जागरण, प्रसाद वितरण साथै भजन कन्सर्ट जस्ता आकर्षक गतिविधिहरू गरिएका थिए । कार्यक्रममा भएको भजन चुट्का प्रतियोगितामा माछापुच्छ्रे सेवा समाज भजन समूह, हेमजा प्रथम भयो । यस्तै धर्मस्थली भजन समूह, पोखरा-५ ले द्वितीय र मिलिजुली भजन समूहले तृतीय स्थान हासिल गरेका छन् । विजेताले क्रमशः नगद रु. ३०,००० , रु १८,००० र रु. १२,००० सहित प्रमाणपत्र प्राप्त गरेका छन् । साथै, वालनकला भजन समूहले उत्कृष्ट नृत्यको पुरस्कार प्राप्त गर्दै सम्मानित भयो । प्रतियोगितामा ६ टिमले सहभागिता जनाएका थिए ।




कार्यक्रमका प्रमुख अतिथि केदारेश्वर महादेवमणि सेवाश्रम बोलबमधामका पीठाधीश डा. स्वामी चिद्धन चैतन्यले धर्म, संस्कृति र ध्यानको महत्त्वबारे प्रकाश पारे । 'महाशिवरात्रि केवल एक चाड होइन, यो आत्मशुद्धि, भक्तिको उन्नति, र समाजमा धार्मिक चेतना फैलाउने अवसर हो ।' उनले भने-'धर्म भनेको केवल परम्पराको निरन्तरता मात्र होइन, यो जीवनको सही मार्गचित्र पनि हो । धर्मले नै मानवलाई नैतिक, अनुशासित र शान्त बनाउने शक्ति प्रदान गर्छ ।'

उनले धर्म संस्कृतिको जगेर्ना गर्नका लागि सही ज्ञान र अभ्यास आवश्यक पर्ने बताए । उनले भने- 'संस्कृतिलाई जोगाउन यसको व्यवहारिक पक्षलाई आत्मसात् गर्नुपर्छ । हामीले केवल धार्मिक विधिहरू पालन गरेर मात्र होइन, दैनिक जीवनमै नैतिकता, अनुशासन, करुणा, र सत्यताको अभ्यास गरेर पनि धर्मलाई जोगाउन सक्छौं ।' उनले ध्यान आत्मचिन्तनको सर्वोत्तम उपाय भएको बताउँदै ध्यानमा केन्द्रित हुदा मन शान्त हुने विचार राखे । उनले महाशिवरात्रि ध्यान, योग, र आत्मशुद्धिको महत्वपूर्ण अवसर भएको बताए ।

कार्यक्रमका गण्डकी प्रदेश सांसद प्रकाश बरालले क्लबले गरेको कार्यक्रमको प्रशंसा गरे ।

सु-शान्त टोल सुधार समितिका अध्यक्ष मिन बहादुर रानाभाटले समाजको विकास केवल भौतिक पूर्वाधारले मात्र हुँदैन, संस्कार र संस्कृतिको जगेर्नाले पनि समाजलाई उन्नत बनाउँने बताए । यस्ता धार्मिक तथा सांस्कृतिक कार्यक्रमहरूले समुदायमा एकता, सहकार्य र नैतिक मूल्यमान्यताहरूको विस्तार गर्न मद्दत गर्छ । हामीले यस्ता कार्यलाई अझ सशक्त रूपमा अघि उनको भनाई छ । सु-शान्त क्लबका अध्यक्ष तथा कार्यक्रम संयोजक टिकाराम पौडेलले महाशिवरात्रि मनाउनु मात्र पर्याप्त नभई धर्म, संस्कृति र परम्परागत मान्यताहरूलाई संरक्षण गर्दै भावी पुस्तासम्म हस्तान्तरण गर्नु कार्यक्रमको प्रमुख उद्देश्य रहेको बताए। साथै, क्लबले शिवमन्दिर निर्माणका लागि ५१ हजार रुपैयाँको कोष खडा गरेको उनले जानकारी दिए। कार्यक्रममा उपस्थित सहभागीहरूले धर्म-संस्कृतिको जगेर्ना गर्दै परम्परागत गतिविधिहरूलाई नीतिगत तरिकाले अगाडि बढाउने आवश्यकताको औल्याएका थिए। धार्मिक आस्थाको संरक्षण र समाजमा सद्भाव फैलाउने यस प्रकारका कार्यक्रमहरू आगामी दिनमा निरन्तर सञ्चालन गरिने आयोजकले बताएका छन् । धार्मिक कार्यक्रमको औपचारिक सुरुवात बिहान रुद्री पूजाद्वारा गरिएको थियो । सु-शान्त क्लबका उपाध्यक्ष शिला सिग्देलले स्वागत गरेको कार्यक्रमको सञ्चालन क्लबकी सचिव सगुन पौडेलले गरेकी थिइन् ।

# सिर्दिबासको बगरमा पतेरा टिप्नेको भीड

**पोखरापत्र संवाददाता**
गोरखा, १५ फागुन

जिल्लाको उत्तरी क्षेत्रमा अवस्थित चुमनुब्री गाउँपालिका-३ स्थित सिर्दिबासको बगरमा पतेरा (किरा) टिप्नेहरुको भीड लागेको छ । बिहीबार बिहानदेखि गाउँमा एकाएक पतेरा आएपछि टिप्नेहरुको भीड लागेको स्थानीय कुमारी गुरुङले बताउनुभयो ।

"सिर्दिबास र फिलिम जोड्ने पुल मुनि आज बिहानदेखि पतेरा देखापरे, त्यसपछि गाउँलेहरु एकाएक टिप्न गए", उहाँले भन्नुभयो, "बगरमा पतेरा किनबेचसमेत हुन थालेको छ । बिहान प्रतिकिलो रु दुई हजारमा किनबेच भएकामा दिउँसो प्रतिकिलो रु तीन हजारमा कारोबार भयो ।" उक्त पतेरा कसले, कहाँ र के प्रयोजनका लागि लैजान लागेको हो भन्नेबारे केही थाहा नभएको गाउँलेको भनाइ छ ।



उहाँका अनुसार एक जनाले दुईदेखि तीन केजीसम्म पतेरा टिपेका छन् । सो वडाका वडाअध्यक्ष रामकुमार गुरुङले पनि गाउँको बगरमा एकाएक पतेरा आएपछि गाउँलेहरु टिप्न गएको बताउनुभयो । "यसरी मान्छेहरु गएका छन् भन्ने कुरा दिउँसो मात्र थाहा पाएँ तर किन र कहाँ लैजाने भन्नेबारे पत्ता लगाउन सकेको छैन", उहाँले भन्नुभयो । टिप्न जानेहरुले तरकारी हुन्छ रे भनेर सुनाएको उहाँले बताउनुभयो। यस विषयमा मनास्लु संरक्षण क्षेत्र आयोजना (एमक्याप)मा समेत जानकारी गराइएको छ । यसक्षेत्रमा ठूलो संख्यामा पतेरा आएको पहिलो पटक भएको वडाअध्यक्ष गुरुङ बताउनुहुन्छ । "पहिला गाउँमा खुसानीका बोटमा एक-दुई वटा पतेरा लागेको थाहा थियो, अहिले बूढीगण्डकीको किनारभरि पतेरा छ । कहाँबाट आयो थाहा भएन", उहाँले भन्नुभयो ।

# बन्दीपुरमा आयोजित राष्ट्रिय साहित्यकार सम्मेलन सकियो

**पोखरापत्र संवाददाता**
तनहुँ, १५ फागुन

'पहाडकी रानी' उपनामले परिचित पर्यटकीयस्थल बन्दीपुरको पर्यटन प्रवर्द्धनका लागि आयोजित तीनदिने राष्ट्रिय साहित्यकार सम्मेलन बिहीबार सम्पन्न भएको छ ।

गोरखापत्र संस्थान र पद्मा पुस्तकालयको आयोजनामा यही फागुन १२ देखि १४ गतेसम्म बृहत् साहित्यिक सम्मेलन सम्पन्न भएको हो ।

बन्दीपुरलाई साहित्यको माध्यमबाट प्रचारप्रसार गर्ने उद्देश्यले साहित्यिक सम्मेलन आयोजना गरिएको सम्मेलनका संयोजक एवं बन्दीपुर पद्मा पुस्तकालयका अध्यक्ष सुदर्शन प्रधानले जानकारी दिनुभयो । उहाँका अनुसार सम्मेलनमा छ प्रदेशका ३५ जिल्लाबाट १५ जातजातिका ५५ पुरुष र १३ महिला गरी ६८ जना साहित्यकारले सहभागिता रहेको थियो । "देशैभरिका साहित्यकार बन्दीपुर आउन र यहाँको सुन्दरताका बारेमा साहित्यिक रूपमा लेखून् भन्ने चाहना राखेर सम्मेलन गरेका हौं", अध्यक्ष प्रधानले भन्नुभयो ।

प्राकृतिक, सामाजिक र सांस्कृतिक, मौलिक र विविधतायुक्त बन्दीपुरलाई आँखाले देखेर, सुनेर र अध्ययन गरेर साहित्य रचना होस् भन्ने हेतुले कार्यक्रमको आयोजना गरिएको पद्मा पुस्ताकालयका संरक्षक नमस्तेलाल भूमि श्रेष्ठले बताउनुभयो । मधुपर्कले 'आँखामा मधुपर्क र मनमा बन्दीपुर' नाम विशेषाङ्क प्रकाशित गर्ने जनाएको छ । साहित्यकार सम्मेलनले ऐतिहासिक सिङ्गो बन्दीपुरको राष्ट्रिय तथा अन्तरराष्ट्रियस्तरमा प्रचारप्रसारमा टेवा पुग्ने नेपाली लेखक सङ्घ तनहुँका अध्यक्ष तथा साहित्यकार शङ्कराज नहर्कीले बताउनुभयो । सम्मेलनको प्रायोजकमा बन्दीपुर गाउँपालिका र सहप्रायोजकमा कुन्ती स्मृति प्रतिष्ठान रहेका थिए। सहयोगी संस्थाहरू क्षेत्रीय होटल सङ्घ बन्दीपुर, तनहुँ उद्योग वाणिज्य सङ्घ बन्दीपुर बजार एकाइ, रेवान तनहुँ, बन्दीपुर पर्यटन विकास समिति र प्राकृतिक पर्यावरण संरक्षण मञ्च छन् । राष्ट्रिय साहित्यकार सम्मेलनको अन्तिम दिन बन्दीपुर चारबुँदे घोषणापत्र जारी गरिएको छ । साहित्य र कलाले हरेक मानवलाई सही मार्गमा दर्शन गर्नाका साथै समाज र राष्ट्रलाई समृद्धिको मार्गमा पथप्रदर्शन गर्नुपर्छ, यसका लागि सम्बन्धित सम्पूर्ण लेख, साहित्यकारले कडा र कठोर मिहिनेत गर्नुपर्छ ।

साहित्य र कलाले प्रकृतिको संरक्षण, आमनागरिकको उत्थान र श्रमिकवर्गका दुःख, पीडा हटाउने र देशको रक्षा र समृद्धिमा केन्द्रित हुनुपर्छ लगायतका घोषणपत्र जारी गरेको हो । सम्मेलनको अन्तिम दिन आज कविताबाचन, प्रवचन र नमस्ते लालभूमि श्रेष्ठद्वारा लिखित पुस्तक साहित्यकारहरूलाई उपहार दिएर टीका लगाई बिदाइ गरिएको थियो ।


# रुद्रतालको संरक्षण गर्दै ढोरपाटन

**पोखरापत्र संवाददाता**
बागलुङ, १५ फागुन

ढोरपाटन उपत्यका नजिकै पर्छ रुद्रताल । बुर्तिबाङ-ढोरपाटन सडक छेउमै पर्ने यस तालमा पछिल्लो समय आन्तरिक तथा बाह्य पर्यटकको आकर्षण बढ्दै गएको छ । धार्मिक महत्वसँग जोडिएको ताल पर्यटकको रोजाइमा पर्न थालेपछि ढोरपाटन नगरपालिकाले समेत संरक्षण गर्न थालेको छ ।

चालु आर्थिक वर्षमा ढोरपाटन नगरपालिकाले विजियोजन गरेको रु २५ लाखबाट ताल संरक्षणको काम अघि बढाइएको उपप्रमुख धनबहादुर कायत (कल्याण)ले जानकारी दिनुभयो । जङ्गलको बीचमा रहेको रुद्रताल प्राकृतिक रूपमै सुन्दर रहेको र त्यसलाई थप व्यवस्थित गर्न थालिएको उहाँले बताउनुभयो ।

उक्त बजेटले यस वर्ष सडकदेखि तालसम्म रेलीङसहितको पदमार्ग, खानेपानी र घेराबार गरिने तयारी भएको उपप्रमुख कायतले बताउनुभयो । यसअघि पनि ताल संरक्षणको काम गरिए पनि अझै व्यवस्थित हुन नसेको भन्दै उहाँले पर्यटकका लागि स्वच्छ खानेपानी र विश्राम स्थल निर्माणका विषयमा पनि कुरा भइरहेको सुनाउनुभयो । "यो ताल धार्मिक आस्थासँग पनि जोडिएको छ, पहिले सडकले नजोडिँदा ओझेलमा थियो, अहिले ताल नजिकैबाट ढोरपाटन उपत्यका पुग्ने सडक बनेकाले सिकार आरक्ष क्षेत्रमा पुग्ने हरेक पर्यटकले तालको अवलोकन गरेकै हुन्छन्, यसको संरक्षण गर्नका लागि हामीले प्रयास गरेका छौं । यस वर्ष केही काम हुन्छ, बाँकी आगामी दिनमा गर्नेछौं", उपप्रमुख कायतले भन्नुभयो ।



तालमा वन्यजन्तुले पानी पिउन आउने हुँदा पर्यटकले नजिकैबाट अवलोकन गर्न सक्छन् । पछिल्लो समय यहाँ तालसँगै मृग, घोरललगायत वन्यजन्तु नजिकैबाट अवलोकन गरेर पर्यटकले थप आनन्द लिन थालेका छन् । भुजीखोलाको शिरमा पर्ने यो तालबाट बग्ने पानीले स्नान गर्दा छालासम्बन्धी रोग लाग्दैन भन्ने जनविश्वाससमेत रहेकाले पर्यटन प्रवर्द्धनमा थप टेवा पुगेको छ ।

नेपालकै एक मात्र ढोरपाटन सिकार आरक्ष जाने सडकसँग जोडिएपछि पछिल्लो समय ताल धेरैको रोजाइमा पर्न थालेको नगरपालिका-९ का वीरबहादुर घर्तिमगरले बताउनुभयो ।

एक दशक अगाडिसम्म सुनसान रहेको तालमा हाल पर्यटकको निकै चहलपहल बढेको उहाँले जानकारी दिनुभयो । ताल वरपर बगैँचा, प्रतीक्षालय, शौचालय र खानेपानीको व्यवस्थापन गर्न सकेमा धेरै सहज हुने र आकर्षण थप बढ्ने घर्तिमगरको भनाइ छ । "रुद्रताल यस क्षेत्रकै चर्चित ताल हो, जङ्गलको बीचमा यति सुन्दर ताल छ, यसको अझै प्रचारप्रसार र प्रवर्द्धन आवश्यक छ," उहाँले भन्नुभयो, "तालमा पानी सुक्न थालेको छ, के कारणले यस्तो भएको हो बुझ्न सकिएको छैन । ताल सुक्यो भने त अस्तित्व नै समाप्त हुन्छ, सरोकार भएका निकायले यसतर्फ ध्यान दिनुपर्छ ।"

# बारपाक सुलिकोट गाउँपालिकाद्वारा २९ सहिद तथा बेपत्ताका परिवारलाई सम्मान

**पोखरापत्र संवाददाता**
गोरखा, १५ फागुन

यहाँको बारपाक सुलिकोट गाउँपालिकाले २९ सहिद तथा बेपत्ताका परिवारलाई सम्मान गरेको छ ।

दश वर्षे सशस्त्र द्वन्द्वका प्रथम सहिद दिलबहादुर रम्तेलको २९औं स्मृति दिवसका अवसरमा बिहीबार आयोजित सहिद परिवार सम्मान तथा प्रगतिशील साहित्यिक गोष्ठी एवं बलिदानी दिवस कार्यक्रममा ती परिवारलाई सम्मान गरिएको गाउँपालिका अध्यक्ष बिष्णुप्रसाद भट्टले जानकारी दिनुभयो ।

गाउँपालिकाले चालु आर्थिक वर्ष २०८१/८२ को स्वीकृत वार्षिक कार्यक्रमअनुसार नगर रु १० हजारसहित दोसल्ला ओढाएर सम्मान गरेको बताउनुभयो । त्यस अवसरमा राज्यपक्षबाट मारिएका रम्तेलका बुबा सेते रम्तेललाई पूर्वउपराष्ट्रपति नन्दकिशोर पुनले नगदसहित सम्मान गर्नुभयो । कार्यक्रममा सहिदहरू कमला भट्ट, ओमबहादुर भट्ट, तलुबहादुर विक, दीपक गुरुङ, गुणनिधि देवकोटा, राजेन्द्र पनेरु, मदन गुरुङ, कृष्ण गुरुङ, कुमार बराम, रीता ढकाल, देवराज सुनार र नन्दलाल ढकालका परिवारलाई सम्मान गरिएको हो । यस्तै, सहिदहरू आशकाजी श्रेष्ठ, इन्द्र थापा, बिमला भट्ट, प्रेम ढकाल, कौशिला तमु, मीनबहादुर घले, मीनाकुमारी तमु, भोजराज भट्ट, नन्दलाल कोइराला, नरबहादुर देवकोटा, चक्रबहादुर बराम, जोगबहादुर गुरुङ, टङ्कबहादुर पुलामी मगर, भीमसेन धिताल, रामप्रसाद भट्ट र शिवप्रसाद भट्टको परिवारलाई पनि सम्मान गरियो । गाउँपालिका-८, स्थित पन्द्रुङ घर भएका सशस्त्र द्वन्द्वका प्रथम सहिद रम्तेलको सम्झनामा पन्द्रुङमा सहिद दिलबहादुर रम्तेल स्मृति पार्क एवं युद्ध सङ्ग्रहालयसमेत निर्माण गरेको छ ।